

एआईको वैश्विक खतरा

✍ एस. एलेक्स याङ ३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)




बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - १२५ ❑ २०८३ वैशाख २४ गते बिहीबार ❑ Thursday, 07 May 2026 ❑ मूल्य ७ /-


## संक्षेप

### प्रधानमन्त्रीको स्वास्थ्य सल्लाहकारमा अग्रवाल



**दमक/** सरकारले प्रा.डा. जगदिश प्रसाद अग्रवाललाई प्रधानमन्त्री वालेन्द्र शाहको अवैतनिक स्वास्थ्य सल्लाहकारमा नियुक्त गरेको छ। हिजो बसेको मन्त्रिपरिषद् बैठकले डा. अग्रवाललाई सो पदमा नियुक्त गर्ने निर्णय गरेको हो। त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान (आइओएम) का पूर्व डीन समेत रहेका डा. अग्रवालले मुलुकको स्वास्थ्य नीति, जनस्वास्थ्यका चुनौती र चिकित्सा शिक्षाको सुधारका लागि प्रधानमन्त्रीलाई आवश्यक परामर्श दिनेछन् ।

### क्यासिनोबाट १९ नेपाली पक्राउ

**पोखरा/** भैरहवास्थित गौतमबुद्ध इन्टरनेशनल होटलमा सञ्चालन भइरहेको रोयल कालिङ्गा क्यासिनोमा प्रहरीले छापा मारेर क्यासिनो म्यानेजरसहित १९ जना नेपालीलाई नियन्त्रणमा लिएको छ।

उनीहरू जुवा खेल्ने र खेलाउने कार्यमा संलग्न रहेको आरोप छ। प्रहरीले उनीहरूबाट ९५,५०० रुपैयाँ नगद, १७ थान मोबाइल र २०० क्यासिनो क्वाइन बरामद गरेको छ। पक्राउ पर्नेमा अधिकांश रुपन्देहीका छन् भने अन्य काठमाडौं, ललितपुर, गुल्मी र पर्साका छन्। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### एम्बुलेन्समा गाँजा

**इटहरी/** बराहक्षेत्र नगरपालिका-२ पुलट्टे गैडामा एम्बुलेन्सबाट १४८ केजी गाँजा बरामद भएको छ। गाँजासहित एम्बुलेन्स चालक र त्यसमा सवार दुई जना भारतीय नागरिक पक्राउ परेका छन्।

सुनसरीका प्रहरी उपरीक्षक केशवकुमार थेबेका अनुसार एम्बुलेन्स चालक विहार सुपोलका १८ वर्षीय धर्मेन्द्रकुमार यादव र त्यसमा सवार २१ वर्षीय मोहमद सदामलाई पक्राउ गरिएको हो।

### विद्युत प्राधिकरणको निमित्त कार्यकारीमा श्रेष्ठ

**दमक/** नेपाल विद्युत् प्राधिकरणको निमित्त कार्यकारी निर्देशकको जिम्मेवारी दिर्घायु कुमार श्रेष्ठलाई दिइएको छ। मङ्गलबार ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री बिराजभक्त श्रेष्ठले मन्त्रीस्तरीय निर्णय गर्दै श्रेष्ठलाई निमित्तको जिम्मेवारी दिएका हुन्। उनी प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक थिए। प्राधिकरणको कार्यकारी निर्देशकबाट हितेन्द्रदेव शाक्यलाई हटाइएपछि अर्को व्यवस्था नहुँदासम्मको लागि श्रेष्ठलाई प्राधिकरणको निमित्त प्रमुखको जिम्मेवारी दिइएको हो।

### कांग्रेस नेता रास्वपा प्रवेश

**काठमाडौं/** सुर्खेत उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा कांग्रेसका नेता लक्ष्मण कँडेलले कांग्रेस परित्याग गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) रोजेका छन्। बुधबार वीरेन्द्रनगरमा आयोजित एक कार्यक्रमबीच उनी रास्वपामा प्रवेश गरेका हुन्। उनलाई रास्वपा महामन्त्री भूपदेव शाहले पार्टीमा स्वागत गरेका थिए। उनीसहित अन्य केही व्यक्तिहरू पनि रास्वपा प्रवेश गरेका छन्।

नेपाल-भारत सीमा विवाद

# लिपुलेक-कालापानी : नेपालको सधैं दुखिरहने घाउ

✍ गोपाल झापाली

**दमक/** नेपाल र ब्रिटिस भारतबीच सन् १८१६ मा भएको सुगौली सन्धिको ऐतिहासिक तथ्यका आधारमा महाकाली नदी पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भुभाग हो । तर भारतले यहि भुमिलाई आफ्नो सरह ठानेर पटक पटक एकतर्फी निर्णय लिने गरेको छ । नेपालको तर्फबाट कुटनीतिक नोट पठाएर त्यस बारेमा जानकारी गराए पनि उसको अन्देखा रोकिएको छैन । यो क्षेत्र राष्ट्रको सिमानाभित्रको एउटा भाग हो । १९६२ अक्टोबर-नोभेम्बरको भारत-चीन सीमायुद्धपछि नेपालको कालापानी क्षेत्र भारतले भौतिक रूपमा हठात् ओगट्दै आइरहेको छ । विशाल दुई देशले आफुहरूको साझा लक्ष्य प्राप्तिका लागि उपेक्षायुक्त ढंगले नेपाली भुमि प्रयोग गरि रहँदा लिपुलेक, कालापानी, लिम्पियाधुरा नेपालका लागि सधैं दुःखि रहने घाउ बनेको छ । अहिले यो फेरि बल्झिएको छ ।

भारतीय विदेश मन्त्रालयले केहि दिन अघि लिपुलेक र नाथु ला पास भएर कैलाश मानसरोवर यात्रा पुनः सञ्चालन गर्ने घोषणा गऱ्यो । त्यस लगत्तै नेपालले आ᾿नो भौगोलिक अखण्डताको विषयमा पुनः कडा अडान जनाई सकेको छ । अप्रिल ३० मा जारी विज्ञप्तिअनुसार भारतले यस वर्ष २० वटा समूहलाई तीर्थाटनमा पठाउने र त्यसमध्ये १० वटा समूहले नेपाली भूभाग लिपुलेक पास प्रयोग गर्ने उल्लेख गरेपछि परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै भारत र चीन दुवैलाई आ᾿नो गम्भीर सरोकार अवगत गराएको छ । तर उता भारतीय विदेश सचिव विक्रम मिश्रीले उत्तराखण्डका मुख्यसचिवलाई पत्र लेखेर व्यापारिक तयारी थाल्न निर्देशन दिई सकेका छन् ।

### प्रेस नोटका ६ बुँदा

१. नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच सञ्चालन गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा विभिन्न सञ्चारमाध्यमबाट सोधिएका प्रश्न र चासोप्रति परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण भएको छ।
२. १८१६ को सुगौली सन्धिबाट नै महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भू-भाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिग छ।
३. नेपाली भूमि लिपुलेक हुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आ᾿नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराएको छ।
४. यसअघि पनि नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थाटन जस्ता कुनै पनि क्रियाकलाप नगर्न निरन्तर आग्रह गर्दै आएको छ।
५. साथै, लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेको विषयमा मित्रराष्ट्र चीनलाई समेत आधिकारिक रूपमा जानकारी गराई सकिएको बेहोरा स्पष्ट पारिन्छ।
६. नेपाल र भारतबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावना अनुरूप, ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्सा र प्रमाणका आधारमा सीमा समस्याको समाधान कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार सधैं प्रतिबद्ध छ।

एक दशकको अवधिमा नेपालले ८ पटकभन्दा बढी कूटनीतिक नोट पठाइसकेको छ । तर भारतले ति पत्रलाई पटक पटक उपेक्षा गर्दै आफ्ना गतिविधि निरन्तर अघि बढाउँदै आएको छ । बाँकी ४ पेजमा ▸▸

# दमकमा आगलागीबाट १८ लाख बराबरको क्षति

**दमक/**दमक बसपार्कस्थित एक होटलमा आगलागी हुँदा १८ लाख बराबरको क्षति भएको छ । मंगलबार दमक -७ स्थित बसपार्कमा दमक नगरपालिका ८ बस्ने होमबहादुर खड्काले एकतले भुइँघरमा सञ्चालन गरेको ड्रागन होटल (चिया नास्ता तथा फलफुल ) पसलमा अचानक विद्युत सर्ट भई आगलागी हुँदा उक्त क्षति भएको हो । उक्त होटल पूर्णरूपमा जलेर नष्ट हुँदा अन्दाजी १५ लाख बराबरको क्षति भएको छ ।

सोही होटलमा जोडिएको दमक ८ मा डेरा गरी बस्ने मोहमद नसिरले जस्ताको बेराले बनेको जस्ताको छानो भएको एकतले भुइँघरमा सञ्चालन गरेको जनता टायर सर्भिस पसल पनि पूर्णरूपमा जलेर नष्ट हुँदा अन्दाजी २ लाख बराबरको क्षति भएको छ ।

त्यस्तै तेह्रथुम लालीगुँरास गाउँपालिका ४ घर भई हाल दमक बस्ने मिलन तामाङले सञ्चालन गरेको दोर्जे किराना पसलको स्टोर रूममा आंशिक क्षति हुँदा १ लाख गरी अन्दाजी १८ लाख बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

उक्त आगलागी नियन्त्रणमा लिन दमक नगरपालिका, कमल गाउँपालिका र उर्लाबारी नगरपालिकाको दमकलको सहयोगमा इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी निरीक्षक विपन विश्वकर्माको कमाण्डमा १५ जना र सशस्त्र प्रहरी बल न. ३८ रिजर्ब गण पाडाजुँगीबाट सशस्त्र प्रहरी निरीक्षक आवास प्रधानांगको कमाण्डमा १५ जना र स्थानीयबासीसहितको सहयोगमा नियन्त्रणमा लिइएको थियो ।

# झापामा सुकुम्बासीको प्रदर्शन

**दमक/** झापा क्षेत्र नं ५ मा सुकुमबासी बस्तीमा डोजर चलाएर खाली गराउने क्रमका विरूद्ध भूमिहीन सुकुमबासी आन्दोलित बन्दै गएका छन्। प्रधानमन्त्री बालेन्द्र शाहको निर्वाचन क्षेत्र रहेको दमकमा बुधबार सुकुमबासीहरूले सरकारविरूद्ध नाराबाजीसहित प्रदर्शन गरेका छन्। अखिल नेपाल सुकुमबासी संघको आयोजनामा निकालिएको ऱ्यालीले नगरका विभिन्न भाग परिक्रमा गर्दै सुकुमबासीहरूले वर्षौंदेखि बसोबास गर्दै आएको स्थानबाट वैकल्पिक व्यवस्था नगरी हटाउने प्रयास अन्यायपूर्ण भएको बताएका छन्। प्रदर्शनमा सहभागीहरूले सुरक्षाकर्मी परिचालन गरी डोजर चलाएर उठीबास गराउने काम तत्काल रोक्नुपर्ने बताएका छन् । उनीहरूका अनुसार बसोबासको सुनिश्चितता नगरी हटाउने प्रयास मानवीयताको विरूद्धमा भएको छ । यसअघि कमल गाउँपालिकामा पनि सुकुमबासीहरूले जुलुससहित विरोध गरेका थिए। भूमि अधिकार तथा श्रमिक संगठनको आयोजनामा भएको कार्यक्रममा उनीहरूले गाउँपालिकालाई ज्ञापनपत्र बुझाउँदै स्थायी बसोबासको व्यवस्था गर्न माग गरेका छन्। बाँकी ४ पेजमा ▸▸

# बालेनले बोलाए परिषद बैठक

**दमक/** प्रधानमन्त्री बालेन शाहले संवैधानिक परिषद बैठक बोलाएका छन् । संवैधानिक पदहरुमा नियुक्ति सिफारिसका लागि परिषदको बैठक बोलाइएको हो ।

बैठक विहीबार साँझ ५ बजेका लागि बोलाइएको स्रोतले बतायो । सरकारको दोस्रोपटकको सिफारिसमा मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेसँगै रिक्त पदहरुमा नियुक्तिको बाटो खुलेको छ ।

हाल प्रधानन्यायाधीश, प्रमुख निर्वाचन आयुक्त लगायतका संवैधानिक पदाधिकारी पद रिक्त छन् ।

यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अध्यक्षको पद रिक्त छ भने एकजना बाहेक अरु सदस्य छैनन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा एक सदस्य पद रिक्त छ ।



समावेशी आयोगमा पनि अध्यक्ष र अर्का एक सदस्यको पद रिक्त छ । महिला आयोगमा पनि एक पद रिक्त छ । मुस्लिम आयोग, थारू आयोगमा पनि पदाधिकारी पद रिक्त छन् । संवैधानिक पदहरुमा नियुक्तिका लागि परिषदले सिफारिस गर्ने र संसदीय सुनुवाइ प्रक्रिया पूरा गरेपछि राष्ट्रपतिले नियुक्त गर्ने कानुनी व्यवस्था छ ।

## झापाका आठ जना पदमुक्त

**दमक/** 'सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था अध्यादेशबाट झापाका ८जना पदमुक्त भएका छन् । भूमि समस्या समाधान आयोग, चिया तथा कफी विकास बोर्ड, सडक बोर्ड, राष्ट्रिय योजना आयोगमा नियुक्त भएकाहरू पदमुक्त भएका हुन् । गत चैत १२ गते अगाडि सार्वजनिक निकायमा राजनीतिक रूपमा नियुक्त पदाधिकारीहरू स्वतः पदमुक्त हुने गरी मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले सो अध्यादेश जारी गरेका थिए । झापामा भूमि समस्या समाधान आयोगका जिल्ला अध्यक्ष मदन अधिकारी तथा सदस्यहरू चक्र शेर्मा, रेनुका भुर्तेल र विज्ञ सदस्य लक्ष्मी आचार्य पदमुक्त भएका हुन् । त्यस्तै राष्ट्रिय चिया तथा कफी विकास बोर्डको सदस्य रहेका झापाका आदित्य पराजुली र दीपक तामाङ पनि पदमुक्त भएका छन् । त्यस्तै सडक बोर्डको सदस्य नियुक्त भएका कमल गाउँपालिकाका बेनुप्रसाद शिवाकोटी र राष्ट्रिय योजना आयोगको सदस्य नियुक्त भएकी दमककी गीता अधिकारी पनि पदमुक्त भएको जनाइएको छ ।

## ४६ करार शिक्षक सेवाबाट हटाइए

**कचनकवल/** झापा कचनकवलका ४६ जना करार शिक्षक सेवाबाट निकालिएका छन् । गाउँपालिकाबाट निजी तथा अनुदानमा शिक्षक व्यवस्थापन गरी पठनपाठन गराउँदै आएका शिक्षकहरूलाई सेवाबाट निकालिएको हो ।

गाउँपालिका कार्यालयले मंगलबार एक सूचना जारी गरी बैशाख १ गतेबाट लागु हुने गरी म्याद थप गर्ने विगतका वर्षहरूको प्रचलन रहेकोमा गत चैत ३० गतेबाट लागु हुने गरी निजी तथा गाउँपालिका अनुदान शिक्षकको म्याद थप नगरिएको जानकारी गराएको हो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत स्काइ पोखरेलले सेवाबाट निकालिने शिक्षकहरू प्रावि तहका भएको बाँकी ४ पेजमा ▸▸

# राज्यकोषको दोहनमा कडाइ

✍ खगेन्द्र कार्की

*__दमक/__ राज्यकोषको दोहन नियन्त्रण गर्न सरकारले कडाइ सुरू गरेको छ । विशेषगरी पूर्वविशिष्ट पदाधिकारी र सार्वजनिक पदमा रहेका व्यक्तिहरूले लिइरहेको दोहोरो तथा असीमित सुविधामाथि निगरानी बढाउँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ठोस कदम अघि बढाएको हो । प्रधानमन्त्री कार्यालयले गृह मन्त्रालयलाई पूर्वविशिष्ट पदाधिकारीहरूले प्रयोग गरिरहेका सवारीसाधनसहितका सुविधाको यथार्थ विवरण तत्काल उपलब्ध गराउन निर्देशन दिएको छ । पछिल्लो अध्ययनमा केही पूर्वपदाधिकारीहरूले कानुनले तोकेको भन्दा बढी सुविधा लिइरहेको वा फरक-फरक निकायबाट दोहोरो लाभ लिइरहेको देखिएपछि सरकार सक्रिय बनेको हो ।*

*गृह मन्त्रालयमार्फत पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश, पूर्वसभामुख तथा पूर्वराष्ट्रियसभा अध्यक्षहरूले लिइरहेका सुविधाको विस्तृत विवरण माग गरिएको छ । प्राप्त विवरणका आधारमा मापदण्डभन्दा बढी सुविधा लिनेहरूबाट सवारीसाधन फिर्ता गराउने र प्रणालीलाई व्यवस्थित बनाउने तयारी सरकारको छ। प्रधानमन्त्री कार्यालयका अनुसार यस अभियानको उद्देश्य राज्यकोषको दुरूपयोग रोक्नु र सुशासन कायम गर्नु हो ।*

*यसैबीच, नवनिर्वाचित प्रतिनिधिसभामा समेत दोहोरो सुविधा लिने प्रवृत्ति कायम रहेको पाइएको छ । संसद सचिवालयका तथ्यांकअनुसार केही सांसदहरु सरकारी सेवाबाट अवकाश पाइसकेपछि पेन्सन लिइरहेका* बाँकी ४ पेजमा ▸▸




**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्ग्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

**आवद्ध डाक्टरहरू**

☞ डा. हेम राज गैरे
☞ डा. सि.पि. गैरे
☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह
☞ डा. टंक न्यौपाने
☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ
☞ डा. काश्मी श्रेष्ठ
☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

# सम्पादकीय

## विकृति अन्त्यको परिणामतिर सरकार

दुई तिहाई जनमतको कदर गर्न सरकारले द्रुत गतिमा काम गरेर परिणाम निकाल्नुपर्ने अवस्थामा बाधक बनेका विषयलाई अध्यादेशमार्फत सहजता ल्याउने प्रयासमा राष्ट्रपति रामचन्द्र पौडेलले साथ दिएका छन् । अब इन्तु, किन्तु केही नभनी सरकारले काम गरेर देखाउने जिम्मेवारी मात्र बोकेको छ । जनतादेखि राष्ट्रपति समेतको साथ पाएपछि अब सरकारले कुनै वहानाबाजी नगरी हिजो देखिएका विकृति र विसंगति अन्त्यमा लाग्न अध्यादेशले अभिप्रेरित गरेको छ । सरकारले राष्ट्रपति समक्ष पेश गरेका ८ अध्यादेशमध्ये अड्किएको एउटा संवैधानिक परिषद् सम्बन्धी अध्यादेश पनि जारी भइसकेको छ । वास्तवमै, लामो समयदेखि रोकिएका संवैधानिक नियुक्तिहरु अघि बढाउने ढोका सो अध्यादेशले खुलाएको छ ।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले अध्यादेशमार्फत कामलाई तीव्रता दिने रणनीति अपनाएको छ । संवैधानिक परिषद् जस्तो संवेदनशील निकायको कार्यविधि परिमार्जन गरेर सरकारलाई अनुकूल निर्णय लिन सहज बनाइएको छ । यसले प्रशासनिक गतिशीलता बढाउने तर्क प्रस्तुत गरिए पनि, यसभित्र शक्ति सन्तुलनको प्रश्न अनिवार्य रुपमा उठ्छ । किनभने संवैधानिक परिषद् केवल नियुक्ति गर्ने संयन्त्र मात्र होइन, राज्यका प्रमुख संस्थाहरुलाई सन्तुलित, निष्पक्ष र योग्य व्यक्तित्वद्वारा सञ्चालन गराउने माध्यम पनि हो । अध्यादेश जारी हुनु अघि राष्ट्रपतिले केही असहमति जनाएका थिए। विशेषगरी बहुमतीय प्रणालीको मर्म कमजोर हुने चिन्ता व्यक्त गरिएको थियो। तर सरकारले गणपूरक संख्या सुनिश्चित गरिएको भन्दै पुनः सिफारिस गरेपछि अध्यादेश जारी भयो। यसले कार्यपालिका र राष्ट्रपतिबीचको टकराव टरेको संकेत दिए पनि, संवैधानिक व्याख्याको बहस भने अझै समाप्त भएको छैन ।

नेपालको राजनीतिक इतिहास हेर्दा अध्यादेशमार्फत काम गर्ने प्रवृत्ति नयाँ होइन। विभिन्न समयका सरकारहरुले संसदीय प्रक्रियाभन्दा छिटो निर्णय लिन अध्यादेशको सहारा लिँदै आएका छन्। अहिलेको सरकार पनि त्यही अभ्यासको निरन्तरता हो। तर यहाँ मूल प्रश्न 'छिटो काम' र 'सही काम' बीचको सन्तुलन हो। संसद् जस्तो लोकतान्त्रिक संस्थालाई छलेर होइन, सुदृढ बनाएर मात्र दीर्घकालीन समाधान सम्भव हुन्छ ।

संवैधानिक परिषद्को संरचना नै यस्तो बनाइएको हो कि कुनै एक पक्षको वर्चस्व नहोस्। प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभा अध्यक्ष र विपक्षी दलका नेता सम्मिलित यो संयन्त्रले सहमति र सन्तुलनको राजनीति अभ्यास गर्नुपर्ने हो। तर बारम्बार अध्यादेश ल्याएर बहुमत अनुकूल बनाउने प्रयासले यो मर्म कमजोर बनाउने जोखिम रहन्छ ।

सरकारले यसलाई 'प्रणाली बचाउने अभ्यास' भनेको छ। दलगत प्रभाव हटाउने, योग्यता र दक्षतामा आधारित नियुक्ति गर्ने दाबी पनि गरिएको छ। यदि व्यवहारमा त्यही देखियो भने यो कदम सकारात्मक मान्न सकिन्छ। तर विगतका अनुभवहरुले देखाउँछन्—कानुनी बाटो खोल्नु र त्यसलाई सही दिशामा प्रयोग गर्नु फरक कुरा हुन्।

अहिलेको परिस्थितिमा सरकारसँग अवसर पनि छ र परीक्षा पनि। झण्डै दुई तिहाइ जनमतको समर्थन पाएको सरकारबाट नागरिकले परिणाममुखी कामको अपेक्षा गरेका छन्। अध्यादेशमार्फत खुलाइएको यो बाटो प्रयोग गरेर सरकारले पारदर्शिता, सुशासन र योग्यताको आधारमा नियुक्ति गऱ्यो भने यसले प्रणालीलाई बलियो बनाउनेछ। तर यदि यो बाटो शक्ति केन्द्रीकरण र आफ्ना मान्छे व्यवस्थापनको माध्यम बन्यो भने, त्यसले लोकतान्त्रिक संस्थामाथिको विश्वास अझ कमजोर पार्नेछ ।

अन्ततः, 'काम गर्ने बाटो' खुल्नु मात्र पर्याप्त हुँदैन—त्यो बाटो कस्तो छ, कता जान्छ र कसरी हिँडिन्छ भन्ने कुराले नै इतिहास बनाउँछ। अहिले सरकार मोडमा उभिएको छ, जहाँबाट उसले प्रणाली बलियो बनाउने कि पुनः विवादमा धकेल्ने भन्ने निर्णय गर्नेछ। नागरिकको नजर भने अब परिणाममा छ, प्रक्रियामा होइन ।

# एआईको वैश्विक खतरा



✍ एस. एलेक्स याङ




एन्थ्रोपिकको नयाँ एआई मोडल, क्लाउड मिथोस प्रिभ्युले प्रमुख अपरेटिङ सिस्टम र वेब ब्राउजरका कमजोरीहरू पत्ता लगाउने र त्यसको दुरुपयोग गर्ने असाधारण क्षमताका कारण विश्वभरका व्यावसायिक नेता र नीतिनिर्मातालाई चिन्तित बनाएको छ। पछिल्ला महिनाहरूमा यसका मोडलहरूको केही सैन्य प्रयोगलाई लिएर एन्थ्रोपिकसँग विवादमा रहेको ट्रम्प प्रशासन पनि अहिले महत्त्वपूर्ण सरकारी पूर्वाधारलाई साइबर आक्रमणबाट जोगाउन कम्पनीसँग सहकार्य गर्न इच्छुक देखिन्छ।

ट्रम्प प्रशासनका केही व्यक्तिहरूले यस विकासलाई स्वागत गरेका छन्। अमेरिकी अर्थमन्त्री स्कट बेस्सेन्टले मिथोसको उपलब्धिमार्फत एआई प्रतिस्पर्धामा चीनमाथि अमेरिकाको अग्रता कायम राख्न मद्दत पुग्ने बताएका छन्। अमेरिकीहरूले पहिलो हुनु र सुरक्षित हुनुबिच भ्रममा पर्नु हुँदैन। प्रस्ट छ, मिथोसजस्ता एआई उपकरणले सम्पूर्ण विश्वलाई अझ संवेदनशील बनाउनेछन् र सबैभन्दा उन्नत मोडल बनाउने देश पनि त्यसले सिर्जना गर्ने जोखिमबाट मुक्त हुने देखिँदैन।

यसको कारण सरल छ। आक्रमण र प्रतिरक्षाबिच स्पष्ट असमानता हुन्छ, जसलाई पछिल्लो डेढ महिनामा इरानसँगको अमेरिकाको युद्धले प्रस्ट देखाएको छ। परम्परागत सैन्यशक्तिमा अमेरिका अझै अपराजेय देखिए पनि इरानले देखाएको छ कि कमजोर देखिने प्रतिद्वन्द्वीले पनि गम्भीर धक्का दिन र समग्र परिस्थितिमा अग्रता लिन सक्छ।

सुरुमा, विद्यमान असन्तुलनको दायराले पनि असर पार्छ। खाडी क्षेत्रमा अमेरिका र उसका सहयोगीहरूले आफ्ना विशाल पूर्वाधार सैन्य अड्डा, बन्दरगाह, तेल तथा ग्यास क्षेत्र, डाटा केन्द्र र सञ्चार सञ्जालको सुरक्षा गर्नुपर्ने हुन्छ तर इरानले यी सबै लक्ष्यहरूमा पूर्णस्तरको आक्रमण गर्नुपर्दैन। उसले त केवल एउटा प्रमुख कमजोरीलाई पहिचान गरे पुग्छ, त्यो हो- होर्मुज जलडमरु। उक्त जलडमरु नियन्त्रणमा लिएर र जीवाश्म इन्धन, मल र एल्युमिनियमको प्रवाह सीमित गरेर, इरानले सम्पूर्ण विश्व अर्थतन्त्रमा अवरोध ल्याएको छ।

त्यसो त यी कार्यहरूको लागत पनि असमान छ। इरानले सस्तो, ठूलो परिमाणमा उत्पादन गरिएका ड्रोन प्रयोग गरेर आक्रमण गर्न सक्छ, जबकि अमेरिका र खाडी राष्ट्रहरूले ती ड्रोनहरूलाई करोडौं डलरका मिसाइलले रोक्नुपरेको छ। यसले उनीहरूको अस्त्रभण्डार लगातार घटाइरहेको छ। साथै कहिलेकाहीं हुने र अप्रत्याशित आक्रमणले बिमा कम्पनीलाई जलडमरुमार्फत हुने ढुवानीलाई 'कभरेज' दिन अस्वीकार गर्न बाध्य बनाउने गरी डर र अनिश्चितता सिर्जना भएको छ।

अन्तिम तर कम महत्त्वपूर्ण नरहेको विषय प्रभावको असमानताको मुद्दा हो। आजको आपसमा जोडिएको विश्वमा प्रतिद्वन्द्वीलाई क्षति पुऱ्याउन प्रत्यक्ष रूपमा आक्रमण गर्नु आवश्यक हुँदैन। खाडीका छिमेकीलाई प्रहार गरेर, ढुवानी मार्गहरू बन्द गरेर र ऊर्जा प्रवाह घटाएर इरानले आपूर्ति शृंखलाहरू अवरुद्ध बनाएको छ। उसले वित्तीय बजारलाई हल्लाएको छ, जसले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई युद्धविरामतर्फ धकेलेको छ ।

यस्तै प्रकारको समान गतिशीलता अहिले साइबर सुरक्षामा पनि देखिँदै छ। कुनै ह्याकरले केवल एउटा कमजोरी पहिचान गर्नुपर्छ। मिथोसजस्तो एआई जति शक्तिशाली भए पनि यसले हरेक प्रणालीका सबै त्रुटिहरू पत्ता लगाउन सक्ने सम्भावना कम छ। एआईको पछिल्लो प्रगतिलाई हेर्दा मिथोसजस्ता एआई क्षमताहरू छिटो र व्यापक रूपमा फैलिने अपेक्षा गर्न सकिन्छ। प्रतिद्वन्द्वी देशहरूका मोडलहरू कमजोर भए पनि तिनीहरूले मिथोसले छुटाएका केही त्रुटिहरू पत्ता लगाउन सक्छन्, जसले लक्षित प्रणालीहरूलाई असुरक्षित बनाइराख्छ ।

अर्को असमानता सम्भवतः मानवीय पक्ष हो। यो सबैभन्दा निर्णायक पनि हो। अवसर अनुसार एआईद्वारा तुरुन्त सुदृढ आक्रमण गर्न सकिन्छ, ठूलो स्तरमा सुरु गर्न सकिन्छ तर जतिसक्दो प्रभावकारी भए पनि संस्थागत प्रतिक्रिया त्यस्तो हुँदैन।

कमजोरी पत्ता लगाउनु केवल पहिलो चरण हो। त्यसलाई समाधान गर्न ठूलो समय र स्रोत मात्र होइन, मानवीय निगरानी र स्वीकृति पनि आवश्यक हुन्छ । कम्पनीहरूको बजेट त्रैमासिक वा वार्षिक रूपमा निर्धारण गरिन्छ ।

यसैगरी सुरक्षा टोलीहरूको क्षमता सीमित हुन्छ । डिजिटल रूपान्तरणका दशकौं प्रयासहरूले देखाएका छन् कि पुराना प्रणालीहरूमा आधारित उद्यम सफ्टवेयरलाई व्यवस्थित रूपमा अद्यावधिक गर्न महिनौं वा वर्षौं लाग्न सक्छ। यो प्रयास प्राविधिक मात्र होइन, संगठनात्मक पनि हो ।

अहिलेसम्म मिथोसको पहुँच केवल केही विश्वसनीय अमेरिकी कम्पनीहरू र संस्थामा मात्र सीमित गरिएको छ, जसले महत्त्वपूर्ण सफ्टवेयर पूर्वाधार निर्माण अथवा मर्मत गर्छन्। केवल आफ्नै कम्पनीहरूलाई सुरक्षित गरेर अमेरिकाले आफ्नो राष्ट्रिय सुरक्षा चासोलाई पूर्ण रूपमा सुरक्षित गर्न सक्छ भन्ने सोच्नु केटाकेटीपना मात्र हुनेछ किनभने इरान युद्धले वैश्विक अर्थतन्त्रको यथार्थलाई बेवास्ता गर्नुको मूर्खता मुखरित गरेको छ । एउटा खास क्षेत्रमा भएको अवरोधले छिट्टै विश्वभर असर पार्न सक्छ। कुनै ठूलो देशको वित्तीय बजार वा महत्त्वपूर्ण पूर्वाधारमा साइबर आक्रमण भयो भने त्यसको क्षति त्यहीं सीमित रहने छैन ।

कल्पना गर्नुहोस् कि कुनै ठूलो साइबर आक्रमणले चीनको ऊर्जा प्रणालीलाई पक्षाघात गराउँछ र ठूलो स्तरमा उत्पादन बन्द गराउन सफल हुन्छ। यसको प्रभाव कोभिड-१९ लकडाउनजस्तै हुनेछ, जसले चिनियाँ कारखानाहरूलाई हप्तौंसम्म बन्द गराएको थियो। विश्वका बाँकी भागहरूले लगभग तुरुन्तै यसको झट्का महसुस गर्नेछन् - महामारीको प्रारम्भिक दिनहरूजस्तै औषधि र प्रमुख औद्योगिक सामग्रीहरूको अभाव हुनेछ, मूल्य आकासिनेछ र मुद्रास्फीतिको डरले राजनीतिक नेतालाई भारी दबाबमा पार्नेछ । त्यसैले वैश्विक आर्थिक सुरक्षामा एआईको खतराबारे चिन्ता गर्न हामीले एआईले मानव बुद्धिमत्तालाई पार गर्ने विज्ञानकथाको परिदृश्य 'सिंगुलारिटी'को प्रतीक्षा गर्नुपर्दैन। त्यो खतरा त यसअघि नै यहाँ छ। त्यसैले मिथोसप्रतिको प्रतिक्रिया विजयको गर्व होइन, कूटनीति हो। भविष्यमा आर्थिक अवरोधको सम्भावनाले अमेरिका र चीनलाई वार्ताको टेबलमा आउन बलियो प्रेरणा दिनुपर्छ। जब ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङ यही महिना (मे) मा भेट्ने छन्, उनीहरूको अजेन्डाको शीर्षमा यो मुद्दा हुनुपर्छ ।

-एस एलेक्स याङ लन्डन बिजनेस स्कुलका व्यवस्थापन विज्ञान विषयका र एन्जेला हयु भ्फाङ साउदर्न क्यालिफोर्निया विश्वविद्यालयकी कानुन विषयकी प्राध्यापक हुन्। *(प्रोजेक्ट सिन्डिकेटबाट) नागरिक*

## मोरङमा अतिक्रमण हटाउन तयारीः सुकुम्बासी छुट्ट्याएर कारबाही गरिने

**विराटनगर/** मोरङ प्रशासनले सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हटाउन सुकुम्बासी र 'हुकुमबासी' छुट्ट्याएर कारबाही गर्ने तयारी गरेको छ । वास्तविक सुकुम्बासीलाई वैकल्पिक व्यवस्थापन गरी मानवीय ढंगले स्थानान्तरण गरिनेछ भने आर्थिक रूपमा सक्षम भएर पनि सार्वजनिक जग्गा ओगट्नेहरूलाई कडा कारबाहीसहित डोजर चलाइने प्रशासनले जनाएको छ । उच्च अदालत, जिसस र अन्य सरकारी निकायको जग्गासमेत अतिक्रमणमा परेपछि उजुरी बढेको छ । विवरण संकलनपछि प्रशासनले कडा कदम चाल्ने तयारी गरेको बताइएको छ ।

## डडेल्धुरा र बाजुरामा खटाइएका दुई उपसचिवले दिए राजीनामा



**दमक/** स्थानीय तहमा खटाइएका दुई उपसचिवले राजीनामा दिएका छन् । सुदूरपश्चिम प्रदेशका डडेल्धुरा र बाजुरा जिल्लाका स्थानीय तहमा खटाइएका उपसचिव नवराज ओझा र भोजबहादुर ऐडीले राजीनामा दिएका हुन् । ओझालाई डडेल्धुरा सदरमुकाममा रहेको अमरगढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा सरुवा गरेर पठाएको थियो । उनले स्वास्थ्य अवस्था र व्यक्तिगत समस्याका कारण सुदूरपश्चिमका प्रमुख सचिव वैकुण्ठप्रसाद अर्याललाई राजीनामा बुझाएका छन् । ओझा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत थिए । उनी मुख्यमन्त्री कार्यालयमा प्रवक्ताको जिम्मेवारी पनि सम्हालिरहेका थिए । सेवा अवधि एक वर्ष मात्रै रहेको तथा स्थानीय तहमा काम गरेको अनुभव नभएकाले ओझाले राजीनामा दिएको बताइएको छ । ओझाको घर कैलालीको गोदावरी नगरपालिका-६ लालपुर हो ।

### सामाजिक सञ्जालबाट

## उच्च अदालतको राष्ट्रहितको फैसला



✍ राजीव खत्री, सांसद

उबेला तत्कालीन मेयर बालेन्द्र शाहले गौशाला धर्मशालामा महानगरको बोर्ड राख्दा मारवाडी समुदायले प्रतिवाद गरे । महानगरले प्रशासनसँग सुरक्षा माग्दा गृहमन्त्रालयले कानमा तेल हालेर बस्यो । पशुपतिको पक्षमा होइन अमूक समुदायको पक्ष लियो ।

भगवान पशुपतिनाथको जग्गामा मारवाडी सेवा समितिले मोही हक खोजे । अहिले सुकुम्बासी बस्ती खाली गराउदा तीन उफ्रिनेहरू जस्तै त्यतिबेला पनि केहि उफ्रिएका थिए । तर अहिले गौशाला धर्मशाला पशुपति कोषमै फिर्ता गर्न भन्दै मारवाडीको हक नलाग्ने उच्च अदालतले पनि ठहर गर्यो । देशको सम्पत्ति लुट्ने विरूद्ध अदालतले गरेको ठहर राष्ट्रपक्षीय छ । सार्वजनिक जमिन किर्ते वा कब्जामा हुनु राज्यको विफलता हो । कौडीको भाउमा भोगचलन भैरहेको छ भने छुटकारा गर्नु, बक्यौता रकम उठाउनु सरकारको जिम्मेवारी हो । वर्षौदेखि अपहरणमा परेको पशुपति धर्मशाला छुटाउन बालेन अग्रसर देखिनु हुन्थ्यो तर ठूला सरकार डोजर जफत गरे । लिपुलेक, कालापानी र लिम्पियाधुरा माथि अवैध कब्जा गर्ने र पशुपतिनाथको धर्मशाला माथि अवैध कब्जा गर्ने एउटै गिरोहका नाईके हुन !

## सरकारको निर्णय प्रशंसनीय



✍ ज्ञानेन्द्र शाही, सांसद

"नेपाल सरकारले संवैधानिक आयोग तथा सरकारी निकायहरूमा गरिएका राजनीतिक नियुक्ति खारेज गर्ने निर्णय गरेकोमा म हार्दिक स्वागत गर्दछु । तर अब फेरि तिनै निकायहरूमा राजनीतिक नियुक्ति दोहोरिनु हुँदैन । संवैधानिक आयोग र न्यायपालिकामा हुने राजनीतिक नियुक्तिको व्यवस्था नेपालको संविधानका धारा २८४ र धारा १५७ मार्फत गरिएको छ । राजनीतिक नियुक्तिको यो व्यवस्थालाई जरैदेखि अन्त्य गर्न आवश्यक छ त्यसैले वर्तमान सरकारले संविधानका धारा २८४ र १५७ मा खारेजी गरोस्, ताकि संवैधानिक निकायहरु पूर्ण रूपमा स्वतन्त्र, पारदर्शी र योग्यताका आधारमा सञ्चालन हुन सकून् ।"

## अपांगतालाई जलवायु परिवर्तन सचेतनासम्बन्धी चित्रलेखन



**दमक/** काठमाडौंमा विविध अपाङ्गता भएका व्यक्तिहरूमाथि जलवायु परिवर्तनले पार्ने प्रभावबारे सचेतना जगाउने उद्देश्यले चित्र लेखन कार्यक्रम सम्पन्न गरिएको छ। नेपाल आदिवासी अपाङ्ग महिला संघ ( निडवान)को आयोजनामा ललितपुरस्थित पाटन दरबार स्क्वायरमा आयोजित कार्यक्रममा दर्जनभन्दा बढी कलाकारहरूले सक्रिय सहभागिता जनाउँदै आ ना चित्रमार्फत सन्देश प्रवाह गरेका थिए। "समावेशीकरणको कलाः जलवायु परिवर्तन अपाङ्ग भएका व्यक्तिहरूको अनुभवमा पुनः आकार" भन्ने नारासहित कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ कलाकार केके कर्माचार्यले जलवायु परिवर्तनको असर सबैमा पर्ने भए पनि अपाङ्गता भएका व्यक्तिहरु विशेष जोखिममा रहने बताए। उनले विशेषगरी आदिवासी अपाङ्ग महिलाहरु अझ बढी प्रभावित हुने उल्लेख गर्दै उनीहरूलाई सहयोग गर्ने उपायमा ध्यान दिनुपर्नेमा जोड दिए। जलवायु परिवर्तनका जोखिमहरु पूर्वानुमान गर्न कठिन हुने भएकाले समयमै सचेतना अपनाउनु आवश्यक रहेको उनको भनाइ थियो।

अर्का अतिथि दीपक ज्ञवालीले जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा असर परेको उल्लेख गर्दै कोदो, मकै र धानजस्ता अन्नबालीमा गिरावट आएको बताए। उनले जलवायुप्रति सबै नागरिक सचेत हुनुपर्ने आवश्यकता औंल्याए। संघकी अध्यक्ष प्रतिमा गुरूङले कार्यक्रमको उद्देश्य जलवायु परिवर्तनले आदिवासी तथा अपाङ्गता भएका व्यक्तिहरूमा पार्ने प्रभावबारे जागरण ल्याउनु र जोखिम न्यूनिकरणका उपायबारे जानकारी दिनु रहेको बताइन्। उनले चित्रमार्फत अनुभूति गराउने प्रयासले सचेतना अझ प्रभावकारी हुने विश्वास व्यक्त गरिन्।

कार्यक्रममा सहभागी कलाकारहरूले बाढी, पहिरो, तापक्रम वृद्धि, हिमाल पग्लिने अवस्था लगायतका विषयलाई चित्रमा उतारेका थिए। उनीहरूले अपाङ्गता भएका व्यक्तिहरूले प्राकृतिक विपत्तिका समयमा भोग्नुपर्ने कठिनाइलाई विशेष रूपमा चित्रण गरेका थिए। कार्यक्रममा प्रस्तुत गरिएका चित्रहरूले पृथ्वी संरक्षण, वातावरणीय सन्तुलन र मानव-प्रकृति सम्बन्धको महत्त्वलाई सशक्त रूपमा उजागर गरेका थिए ।

# पार्टी एकताको खोजिमा घिसिङ र साम्पाङ



**दमक**/उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले सांसद हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टी र अन्य नयाँ राजनीतिक दलहरूसँग एकताका लागि गृहकार्य भइरहेको जानकारी दिएका छन् । मंगलबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले वैकल्पिक राजनीतिक शक्ति निर्माणका लागि विभिन्न समूहहरूसँग चरणबद्ध संवाद भइरहेको बताएका हुन् । आगामी स्थानीय तह निर्वाचनमा आफ्नो पार्टीले धेरै स्थानमा जित हासिल गर्ने दाबी गर्दै उनले चुनावी तयारीलाई तीव्रता दिइएको उल्लेख गरे । यसअघि प्रतिनिधिसभा निर्वाचनमा ठूलो सङ्ख्यामा सिट जित्ने घोषणा गरे पनि घिसिङ स्वयं काठमाडौं-३ बाट पराजित भएका थिए भने उनको पार्टीले कुनै पनि सिट जित्न सकेको थिएन ।

सुकुम्बासी समस्याका बारेमा बोल्दै उनले बस्ती भत्काउने कार्यले मात्रै निकास नदिने र यसका लागि दीर्घकालीन एवं योजनाबद्ध उपाय आवश्यक रहेको बताए । वास्तविक सुकुम्बासीको पहिचान गर्दै उनीहरूको आवासको अधिकार सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिए । साथै, सार्वजनिक जग्गामा रहेका धार्मिक संरचनाहरूको व्यवस्थापन गर्दा मानवीय संवेदनशीलता अपनाउनुपर्ने र संविधानले सुनिश्चित गरेको आवासको अधिकारलाई सम्मान गर्नुपर्ने उनको धारणा थियो ।

**स्वास्थ्य**

## गर्मी मौसममा बालबालिकाको हेरचाह

**दमक**/ झापा सहित पूर्वी तराईमा अत्यधिक गर्मी बढेसँगै बालबालिकामा विभिन्न स्वास्थ्य समस्या देखिन थालेका छन् । गर्मीयाममा ग्यास्ट्रोइन्टेस्टाइनल समस्या, ज्वरो, झाडा पखाला, बान्ता तथा जन्डिसजस्ता सङ्क्रामक रोगहरूको जोखिम बढेको चिकित्सकहरूले बताएका छन् ।

विशिष्टिकृत किओच दमक बाल अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ जयमणि श्रेष्ठले विभिन्न प्रकारका एलर्जी, फङ्गल इन्फेक्सन, सनबर्न, कीटजन्य एलर्जी, टाउको दुखाइ, थकान, आँखाको संक्रमणलगायतका समस्या गर्मीयाममा बढी देखिने बताए । उनले केही बालबालिकामा दमका लक्षणहरु पनि बढ्न सक्ने भएकाले विशेष सावधानी अपनाउनुपर्ने बताए ।

तापक्रम अत्यधिक बढ्दा शरीरमा पानीको कमी (डिहाइड्रेसन) हुने र त्यसले स्ट्रोक वा बेहोस हुने जोखिम बढाउने उनले बताए । उनले गर्मीमा विभिन्न ब्याक्टेरिया र भाइरसहरु बढी सक्रिय हुने भएकाले खाना र पानीबाट सर्ने रोगहरु फैलिने सम्भावना उच्च रहने बताए । साथै, यस्तो मौसमले बालबालिकाको व्यवहारमा परिवर्तन तथा मानसिक स्वास्थ्यमा समेत असर पार्न सक्ने उनको भनाइ छ ।

श्रेष्ठले अभिभावकहरूलाई बालबालिकाको उचित हेरचाह गर्न आग्रह गरेका छन्। उनले दिनभर पर्याप्त पानी पिउने व्यवस्था मिलाउन, बजारमा पाइने कृत्रिम जुस, चिनीयुक्त पेय पदार्थ तथा सोडाबाट टाढा राख्न सुझाव दिएका छन्। उनले नरिवल पानी उपयुक्त विकल्प हुने बताए ।

उनले बाहिर विषादी हालेर पकाइएका फलफूलले पनि समस्या बढाइरहेको उल्लेख गर्दै विशेषगरी खरबुजा जस्ता फलफूल खाँदा सावधानी अपनाउनुपर्ने बताए। अत्यधिक गर्मीको समयमा बालबालिकालाई लामो समय घाममा नहिँडाउन र सकेसम्म चिसो तथा सुरक्षित वातावरणमा राख्न उनले सुझाव दिए ।

अस्पतालमा बालबालिकाको चाप बढिरहेको जनाउँदै उनले गर्मीयाममा सचेतना नै सबैभन्दा महत्वपूर्ण उपाय भएको बताए ।

**समाज/अपराध**

# श्रीमान साथी, श्रीमती प्रेमी हल्लापछि हत्या

**दमक/** काठमाडौँको तारकेश्वर नगरपालिका-३ की ४५ वर्षीया सरिता तिवारी हराएको ११ दिनपछि मृत अवस्थामा फेला परेपछि घटनाले गम्भीर मोड लिएको छ। प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार उनको हत्या विवाहेत्तर सम्बन्धका कारण भएको देखिएको छ । यस घटनामा संलग्न भएको आरोपमा टोखा नगरपालिका-२ का अनिल डङ्गोल पक्राउ परेका छन्, जसले मृतकसँग करिब एक वर्षदेखि नजिकको सम्बन्ध रहेको स्वीकार गरेका छन्। सरिता वैशाख ११ गते दिउँसो बजार जान्छु भनी घरबाट निस्किएकी थिइन् र त्यसपछि सम्पर्कविहीन बनेकी थिइन्। परिवारले १२ गते नै खोजतलासका लागि जाहेरी दिएपछि प्रहरीले अनुसन्धान सुरु गरेको थियो। खोजीका क्रममा उनको शव टोखा-१ स्थित शिवपुरी जंगलमा गाडिएको अवस्थामा फेला पारिएको हो ।

पारिवारिक स्रोतका अनुसार सरिताका पति शंकर तिवारी र डङ्गोलबीच लामो समयदेखि घनिष्ठ मित्रता थियो । यही सम्बन्धका कारण डङ्गोल घरमा आउजाउ गर्ने क्रममा सरितासँग चिनजान बढ्दै गएको र पछि सम्बन्ध गहिरिएको बताइएको छ। शंकर आˆनो पेशा र कृषिकार्यमा व्यस्त रहने समयमा सरिता र डङ्गोलबीच भेटघाट बढेको थियो। उक्त सम्बन्धबारे शंकरले माघ-फागुनतिर मात्र थाहा पाएको जनाइएको छ, विशेषगरी निर्वाचनका क्रममा सरिता लामो समय घर बाहिर बस्दा शंका उत्पन्न भएको थियो ।

सम्बन्ध सार्वजनिक हुँदै जाँदा समाज र परिवारमा चर्चा बढेपछि सरिताले डङ्गोललाई आफूलाई स्वीकार गर्न दबाब दिएको प्रहरी स्रोतको भनाइ छ। घटनाअघि उनीहरु शिवपुरी जंगलमा भेट्ने गरेको पनि खुलेको छ। प्रारम्भिक सोधपुछमा डङ्गोलले अस्वीकार गरे पनि स्थानीय जनप्रतिनिधिको सूचनापछि पक्राउ परेका उनले हत्या गरी शव गाडेको स्थान खुलाएका हुन् । यो घटनाले व्यक्तिगत सम्बन्ध, विश्वास र विश्वासघातका जटिल पक्षहरु उजागर गरेको छ ।

# चिकित्सक संघको अध्यक्षमा रिजाल निर्वाचित



**दमक**/ नेपाल चिकित्सक संघको अध्यक्षमा डा. बद्री रिजाल निर्वाचित भएका छन् । संघको ३०औं कार्यकारिणी समिति चयनका लागि सम्पन्न निर्वाचनबाट डा. रिजाल अध्यक्षमा निर्वाचित भएका हुन् । रिजालले ३१९६ मत ल्याएर विजयी भए । उनले प्रतिस्पर्धी डा.मंगल रावलभन्दा २५६ बढी मत प्राप्त गरे । डा. रावलले २९४० मत पाए ।

संघको वरिष्ठ उपाध्यक्षमा डा. सञ्जिव तिवारी विजयी भएका छन् । उनले ३०३६ मत पाए । उनका प्रतिस्पर्धी डा.कीर्तिपाल सुवेदीले २३०२ मत ल्याए ।

महासचिवमा निर्वाचित डा. विश्वराज दवाडीले २ हजार ७२२ मत ल्याए । यस्तै, उपाध्यक्षमा डा.रोशन खड्का(कोशी), डा.अमृत राजन मिश्र(मधेश), डा.सुवास भट्टराई(बागमती), डा.योगेशराज सिग्देल(गण्डकी), डा.नन्दा गुरुङ(लुम्बिनी), डा.रविन खड्का(कर्णाली) र डा.प्रमोद जोशी(सुदूरपश्चिम) विजयी भएका छन् । संघको सचिवमा डा. हुलास अग्रवाल र कोषाध्यक्षमा डा. तेजुसिंह मल्ल विजयी भएका छन् । सदस्य पदमा डा. अमित झा, डा. राकेश साह, डा. पल्पसा श्रेष्ठ, डा. विना श्रेष्ठ, डा. सुमित काफ्ले र डा. शेषराज घिमिरे निर्वाचित भएका छन् ।

संघको नयाँ नेतृत्व चयनका लागि काठमाडौं उपत्यकाबाहिर ४ र ५ वैशाख तथा काठमाडौं उपत्यकामा १७ र १८ वैशाखमा निर्वाचन भएको थियो । निर्वाचनमा सबै गरी ७ हजार १ सय मत खसेको थियो ।

# झण्डै ६ हजारले बढ्यो सुनको मूल्य



**दमक/** नेपाली बजारमा सुनको मूल्यमा वृद्धि भएको छ । मंगलबारको तुलनामा बुधबार ५ हजार ८०० रूपैयाँले सुनको मूल्य वृद्धि भएको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार आज सुन २ लाख ९६ हजार ८०० रूपैयाँमा कारोबार भइरहेको छ । मंगलबार २ लाख ९१ हजारमा कारोबार भएको थियो । त्यस्तै चाँदीको मूल्य पनि बढेको छ । मंगलबार ४ हजार ८८० रूपैयाँमा कारोबार भएको चाँदी बुधबार ५ हजार ५५ रूपैयाँमा कारोबार भइरहेको छ ।

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरू:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

बागडोगरा

गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# जीवन के हो ?



✍ डा. लेखनाथ नेउपाने

क्रमागत : जीवनका मानविय, पारिवारिक र सामाजिक पाटाहरू छन् । बौद्धिकता, संवेदनशीलता र जीम्मेवारीहरू छन् । पूर्ण र सफल परिवार निमार्ण गर्ने जीम्मेवारीले र उत्तरदायित्वले बहन गर्न सिकाउँछ जीवनमा । उत्तरदायित्व बहन गर्ने क्रममा जीवनलाई बोझ नमानेर अवसर र कर्तव्यको रूपमा लिएर काम गर्दा आइपर्ने कठिनाई सामान्य लाग्छन् । जब हरेक कठिनाई र अवरोध सामान्य लाग्न थाल्छन् जीवन आफै सफल हुँदै गएको महशुस हुन्छ ।

यसमा विचारको भूमिका अग्रस्थानमा रहन्छ । विचारले वुद्धिको विकास हुन्छ र वुद्धिले मानवताको परिचय बनाउँछ । मानवताको परिचय बन्नु नै आत्मबोध हुनु हो । जहाँ रिस, राग, घमण्ड, इष्या, मृत्युभय रहदैन मात्र समभाव जन्मिन्छ । जसरी भैसीलाई सिङको भारी हुँदैन त्यसरी नै जीवनमा पनि कुनै कठिनाई र समस्या बोझ हुँदैन, सामाधानको बाटो खोज्न शरीर आफै अग्रसर हुन्छ । यो जीवनको महत्वपूर्ण पाटो हो जहाँ पारिवारिक, सामाजिक र मानविय कर्तव्य पुरा भइसक्छन् ।

हामी ओशो, बुद्ध, जिसस क्राइष्ट, आइन्सटाइन, खप्तड बाबा, शिवपुरी बाबा जस्तै स्वतन्त्र जीवन बाच्न सक्छौं । यसकालागि जीवन के हो र के कालागि प्राप्त भएको हो भन्ने ज्ञान हासिल गर्न सके पुग्छ । मात्र म एउटा आत्मा हुँ, म निस्चित समयका लागि आएको पाहुँना मात्र हुँ । मेरो रोल कर्म गर्ने हो । म जे र जस्तो अवस्थामा छु यही मेरा लागि स्वर्ग समान छ । म खाली हात आएँ र खाली नै जाने छु । म जति गर्न सक्छु साक्षी भावले, करूणले र निस्वार्थ मनले गर्छु भन्ने भाव हरेक पल रहेमा र म शरीर मात्र होइन विधाताको अंश हुँ भन्ने भाव उत्पन्न भएमा जीवन जस्तो वितोस सफल मानिन्छ, चाहे झोपडीमा वितोस चाहे महलमा । जव हामी हरेक कुराबाट स्वतन्त्र हुन्छौं, मुक्त हुन्छौं, लोभ, मोह, अहंकार रहित हुन्छौं त्यही हो सार्थक र सफल जीवन ।

जीवनको पहिलो काम आफूभित्र सास लिनु र अन्तिम काम सासलाई बाहिर फ्याक्नु हो । सास लिनु जीवनको सुरूवात हो भने सास फ्याक्नु र पुनः नलिनु मृत्यु हो । मृत्यसम्बन्धी ज्ञानले जीवन गुणस्तर बनाउँछ र मानिसलाई मजबुत बनाउँछ । यो जन्मको कमजोर मन या मनोबलले बाचेको मान्छे मृत्युपछि अर्को जन्ममा पनि कमजोर मन नै प्राप्त हुन्छ । त्यसैले पनि मन बलियो बनाएर मृत्युदेखि निडर भएर जीवन जिउनु पर्छ चाहे जीवन जस्तोसुकै अवस्थामा होस । जीवनलाई शून्यमा बदल्नु नै निर्वाण हो । यही मृत्य अथवा मोक्ष हो ।

जीवन एउटा चक्र हो, जन्मले मृत्यु ल्याउँछ र मृत्युले पुनः जन्म ।

कुनै महात्माले भनेका छन्, मनुष्यका जन्म जीवनके समझने का सिर्फ नही उसका आनन्द उठानेके लिए है । जीवनकेप्रति नयाँ उत्साह ही सन्तुष्टिका आधार है । जीवनमे प्राथाना एक शक्ति है जिससे उस अभिनासी इश्वरसे मिल सकते हैं । जिसने हमे ये धर्तीमे भेजा है वह भी हमारे साथमे है, जिसको हम आत्मा पुकारते है, ब्रहा पुकारते है और जीवात्मा पुकारते है ।

विभिन्न विद्धान र अध्येताका अनुसार, प्राण आत्माबाट उत्पन्न हुन्छ र जीवमा प्रवेश गर्छ अनि जीवन सुरू हुन्छ । प्राण मनको संकल्पबाट शरीरमा प्रवेश गर्छ । मानिस मर्ने बेलामा प्राण आत्मासँगै निस्किन्छ र अर्को योनीमा प्रवेश गरेर नयाँ जीवनको सुरूवात हुन्छ ।

हाम्रो जीवनमा आजको दुःख या सुख आउने मुख्य कारण भनेको विगतको काम पनि हो । आजको दुःख या सुख आजको कारण होइन हिजोको कामको परिणम हो । तर हिजो यस्तो गरेर, भएर, विगारेर आजको यो अवस्था भोग्नु परेको भनेर दुःखी हुनु र पछुताउनु भोली अरू दुःख निम्त्याउनु हो । त्यसैले हिजो जे भयो हिजै भयो । आज त भएको छैन् । आज त समय अगाडी वढीसकेको छ । आजका काम र अवस्था हिजोका भन्दा फरक छन् । यो अवस्थामा अब पहिलेका कमी कमजोरी सम्झिएर आफैलाई कमजोर बनाउने दोसी बनाउने र विवेकहिन भएको ठान्नु या बारबार सम्झनु भनेको अगाडी वढ्न नसक्नु हो, रोकिनु हो, पुनः दुःखमा फस्नु हो । त्यसैले वितेका घटना, कमजोरी र गल्तीबाट आज सिक्ने हो । ज्ञान वढाउने हो । क्रमशः

**मनोरञ्जन**

# १२ गाउँ २ को छायांकन सुरू




**दमक/** नेपाली एक्सन फिल्मको सफल श्रृंखला '१२ गाउँ' को सिक्वेल '१२ गाउँ २' को औपचारिक छायांकन सुरू गरिएको छ । निर्देशक विराज भट्टको निर्देशनमा बन्न लागेको फिल्मको सुटिङ बुधबारदेखि गीत छायांकनबाट सुरू गरिएको हो। फिल्मको छायांकन काठमाडौं, सिन्धुपाल्चोक र चितवन लगायत विभिन्न स्थानमा हुने निर्माण टिमले जनाएको छ । दशैंको अवसर पारेर फूलपातीमा फिल्म रिलिज मिति राखिएको छ। फिल्ममा विराज भट्टसँगै समिर भट्ट, अनुपविक्रम शाही, काफिया शाही, वर्षा इटानी, खुशी कार्की, प्रकाश शाह, सुनिल पोखरेल, कनिज कोइराला, कालु राना, पुष्कर भट्ट, शिवकुमार सिंह, साहित सिंह ठकुरी र पूर्णबहादुर गन्धर्व लगायत कलाकारहरूको अभिनय रहनेछ।

छायांकन पक्षमा डीओपीको रूपमा महेश पौडेल रहेका छन् भने कथा तथा पटकथा सन्तोष सरकारले तयार पारेका हुन्। एक्सन दृश्यका लागि इस्टनर सिल्वा र शंकर महर्जनले फाइट कोरियोग्राफी गर्नेछन्। फिल्मको ब्याकग्राउन्ड म्युजिक कालाचरण र गीता गुरुप्पाले तयार पार्नेछन् भने संगीतकारमा युग भुसाल, देवेन[illegible] बराल र डीपी खनाल छन्।

गीतमा सुगम पोखरेल, समीक्षा अधिकारी, प्रेरणा सिंह, किरण भुजेल र निशान भट्टराईको स्वर रहनेछ। फिल्मको निर्माण व्यवस्थापन भोला सुवेदी (आरजे प्रणब) र रमेश खड्काले सम्हाल्नेछन् भने नृत्य निर्देशन सियोन श्रेष्ठले गर्नेछन्।

वितरणतर्फ उपत्यकामा काफिया फिल्म्स प्रालिले र उपत्यका बाहिर कुबेर फिल्म्सले जिम्मा लिएका छन्। एक्सन र मनोरञ्जनको भरपूर मिश्रण रहने अपेक्षा गरिएको '१२ गाउँ २' दर्शकमाझ प्रतीक्षा बनेको छ ।

**दैनिक राशिफल**

आज मिति २०८३ साल वैशाख २४ गते बिहीबार 07 May 2026 तिथि: षष्ठी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा उत्साह बढेर जाला । पठन-पाठनमा नयाँ सोच । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | दिन शुभ देखिन्छ । ब्यापार व्यवसायबाट लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मानसम्मानको योग । स्त्री साथीहरुबाट सहयोग । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | पारिवारीक भेटघाट । नयाँ ठाउँको भ्रमण होला । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | शुभचिन्तकबाट सरसहयोग । पढाईलेखाईमा बाधा । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# नेउवा महासंघमा श्रेष्ठ



**दमक/** नेपाल उद्योग वाणिज्य महासङ्घको अध्यक्षमा अन्जन श्रेष्ठ चयन भएका छन् । अघिल्लो कार्यकालका वरिष्ठ उपाध्यक्ष श्रेष्ठ महासङ्घको विधानअनुसार स्वतः अध्यक्ष पदमा चयन भएका हुन् । महासङ्घको ६०औँ वार्षिक साधारणसभापछि सुरू निर्वाचन प्रक्रियाको मतगणना बुधबार सम्पन्न भएको छ । निर्वाचनमार्फत विभिन्न समूहअन्तर्गत उपाध्यक्षसहित नयाँ कार्यसमिति चयन गरिएको छ । मुख्य निर्वाचन अधिकृत लीलामणि पौडेलका अनुसार जिल्ला तथा नगरतर्फका दुई उपाध्यक्ष पदमा कृष्णप्रसाद शर्मा र दिलसुन्दर श्रेष्ठ निर्वाचित भए ।

त्यसैगरी वस्तुगत सङ्घतर्फको उपाध्यक्षमा नरेशलाल श्रेष्ठ निर्वाचित भए। एसोसिएटतर्फको उपाध्यक्ष पदमा प्रबलजङ्ग पाण्डे विजयी भए ।

नवनिर्वाचित नेतृत्वले निजी क्षेत्रको सुदृढीकरण, आर्थिक सुधार तथा व्यवसायमैत्री वातावरण निर्माणमा जोड दिने अपेक्षा गरिएको छ । वरिष्ठ उपाध्यक्ष स्वतः अर्को महाधिवेशनबाट अध्यक्ष हुने प्रावधान यसपटक नै अन्तिम रहेको र आगामी महाधिवेशनमा अध्यक्ष पदका लागि निर्वाचन हुने जनाइएको छ ।

## गोकुल केन्द्रीय सदस्यमा निर्वाचित

दमक । नेपाल उद्योग वाणिज्य महासंघको मंगलबार काठमाडौंमा सम्पन्न निर्वाचनबाट झापा दमकका व्यवसायी नेता गोकुल श्रेष्ठ दोस्रो कार्यकालका लागि केन्द्रीय कार्यकारिणी समिति सदस्यमा निर्वाचित भएका छन् ।

दमक उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष एवं सल्लाहकारसमेत रहेका युवा व्यवसायी श्रेष्ठले उक्त पदका लागि खसेको १२९ मतमध्ये ९७ मत प्राप्त गर्दै विजयी भएका हुन् । लोकतान्त्रिक उद्योगी व्यवसायीहरूको समर्थन पाएका श्रेष्ठलाई दमक उद्योग वाणिज्य संघले आधिकारिक उम्मेदवारका रूपमा अघि सारेको थियो ।

## चुनावमा धाँधली भएको आरोप

**एजेन्सी/** विधानसभा चुनावमा धाँधली भएको भन्दै भारतको पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले राजीनामा दिन अस्वीकार गरेकी छन् । विशेष गरी पश्चिम बङ्गालमा सन् २०११ देखि निरन्तर सत्तामा रहेको अखिल भारतीय तृणमूल कांग्रेसलाई पराजित गर्दै भारतीय जनता पार्टी (भाजपा)ले पहिलो पटक स्पष्ट बहुमतसहित सरकार गठन गर्ने अवस्थामा पुगेको छ ।

२९४ सदस्यीय विधानसभामा २०७ सिट जित्दै भाजपा दुई तिहाइभन्दा बढी बहुमतसहित अगाडि आएको छ । तृणमूल कांग्रेस ८० सिटमा सीमित भएको छ । स्वयं मुख्यमन्त्री ममता बनर्जी पनि आफ्नो चुनावी क्षेत्र भवानीपुरबाट शुभेन्दु अधिकारीसँग १५ हजारभन्दा बढी मतले पराजित भएकी हुन् । परिणाम सार्वजनिक भएपछि बनर्जीले हार अस्वीकार गर्दै राजीनामा दिन नमानेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । उनले झण्डै १०० सिट 'अनियमित रूपमा खोसिएको' आरोप लगाउँदै निर्वाचन आयोगमाथि पक्षपात गरेको आरोप लाएकी छन् । तर निर्वाचन अधिकारीहरूले यो आरोपलाई निराधार बताएका छन् ।

# बिर्तामोड १० वडालाई अब क्षेत्र नं. २ मा सार्ने सहमति



**बिर्तामोड/** यहाँस्थित वडा नं. १० का बासिन्दाहरूले आफ्नो वडालाई हालको क्षेत्र नं ३ बाट अलग गरी क्षेत्र नं २ मा गाभ्ने निर्णय गरेका छन् । बुधबार वडा कार्यालयमा आयोजित सर्वदलीय बैठक तथा सबै टोल विकास संस्थाहरूको आम भेलाबाट यस्तो आम सहमति बनेको हो। भेलामा सहभागी स्थानीयहरुले बिर्तामोडका अन्य ९ वटा वडा क्षेत्र नं २ मा पर्दा वडा नं १० लाई मात्र क्षेत्र नं ३ मा राख्नु अन्यायपूर्ण भएको निष्कर्ष निकालेका छन् ।

स्थानीयवासीहरूले अब आफूहरु क्षेत्र नं ३ मा नबस्ने घोषणा गर्दै क्षेत्र नं २ मा गाभिन आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरेका छन् । वडाध्यक्ष दुर्योधन गुरूङका अनुसार वडा नं १० का बासिन्दाहरु एकमत भएर क्षेत्र परिवर्तनको मागमा उत्रिएका हुन् । स्थानीयका अनुसार वडा नं १० लाई अलग क्षेत्रमा राखिँदा विकास निर्माणका काममा पछि परेको छ । अन्य वडाहरु क्षेत्र नं २ अन्तर्गत परेर विकासको लाभ लिँदा वडा नं १० भने विगत ८ वर्षदेखि ओझेलमा परेको गुनासो गरिएको छ ।

**राज्यकोष.......**

*छन् भने सांसदका रूपमा तलब-भत्ता पनि बुझिरहेका छन् । कानुनमा स्पष्ट व्यवस्था नभएको कारण यस्तो दोहोरो सुविधा रोक्न कठिन भइरहेको छ । २०६१ र २०७२ सालमा दोहोरो सुविधा रोक्ने निर्णय भए पनि सर्वोच्च अदालतले कानुन बनाएर मात्र कार्यान्वयन गर्न आदेश दिएपछि प्रक्रिया अलपत्र परेको छ । हालसम्म स्पष्ट कानुनी प्रावधान नहुँदा सांसद, संवैधानिक निकायका पदाधिकारी, पूर्वसचिव, राजदूतलगायतले दोहोरो सुविधा लिइरहेका छन्। संसद सचिवालयले भने ऐनअनुसार सबै सांसदलाई नियमित तलबभत्ता उपलब्ध गराइरहेको र कसैले पनि तलब नलिने भन्दै निवेदन नदिएको जनाएको छ । एक सांसदले मासिक पारिश्रमिक, भत्ता र अन्य सुविधासहित करिब ८० हजार रूपैयाँसम्म बुझ्ने व्यवस्था रहेको छ, जसले राज्यकोषमा थप भार पारिरहेको छ ।*

*निवृत्तिभरण व्यवस्थापन कार्यालयका अनुसार पनि पेन्सन लिइरहेका सांसद वा पदाधिकारीले पेन्सन रोक्न निवेदन दिएका छैनन् । मन्त्री बनेका अवस्थामा मात्र पेन्सन रोक्ने चलन रहेको र अन्य पदमा रहँदा दोहोरो सुविधा लिने प्रवृत्ति जारी रहेको बताइएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भने दोहोरो सुविधा रोक्ने स्पष्ट कानुन बनाउन अझै ठोस मस्यौदा तयार नभएको जनाएको छ । यद्यपि, केही पदाधिकारीहरुले नैतिकताको आधारमा दोहोरो सुविधा नलिने उदाहरण पनि प्रस्तुत गरेका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले पदमा रहँदासम्म पेन्सन नलिने निर्णय गरेका छन् । यस्तै केही पूर्वप्रशासकहरुले पनि जिम्मेवारीमा रहँदा पेन्सन त्यागेका थिए ।*

*यो विषयमा बालेन सरकार मात्र होइन यस अघिका सरकारले पनि प्रयास नगरेका भने होइनन । २०७२ सालमा त सरकारले दोहोरो सुविधा रोक्ने निर्णय विरूद्धमा सर्वोच्चमा रिट नै परेको थियो । कानुन फितलो भइदिएपछि सरकारसहित अदालतका निर्णयहरू कार्यान्वयन हुन सकिरहेका थिएनन तर अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको बालेन्द्र शाहको सरकारले त्यसलाई टुंगोमा पुऱ्याएर सुशासनयुक्त राज्यव्यवस्था निर्माण महत्वपूर्ण कदम चालेको छ ।*

*समग्रमा, कानुनको अभाव र कार्यान्वयन कमजोर हुँदा राज्यकोषमा अनावश्यक भार थपिँदै गएको देखिन्छ। सरकारले सुरू गरेको पछिल्लो सक्रियताले दोहोरो सुविधा नियन्त्रणतर्फ सकारात्मक संकेत दिएको भए पनि प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट कानुनी व्यवस्था अपरिहार्य देखिएको छ ।*

***लिपुलेक....*** ठिक एक दशक अघि २०७२ सालमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणमा जाँदा लिपुलेक पास हुँदै व्यापारिक मार्ग खोल्ने सहमति भएको थियो । तर नेपालले यो सहमतिलाई आफ्नो भूमिमाथिको अनधिकृत सम्झौताका व्याख्या गऱ्यो । तत्कालीन प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारले यस विषयमा भारत र चीन दुवैलाई कूटनीतिक नोट पठाए पनि भारतले यो नोटको कुनै लिखित जवाफ दिएन । चीन त सधैं चुपचाप काम गर्नेनैं पऱ्यो ।

अनि जारी भयो चुच्चे नक्सा

नेपालका हरेक पत्रलाई उपेक्षा गर्दै अघि बढेको भारतले नेपालको बृहत् कालापानी क्षेत्र आफ्नो भूभागमा समेटी २०७६ मंसिर १६ मा 'भारतको नयाँ राजनीतिक नक्सा' प्रकाशित गऱ्यो । यसमा नेपालले प्रतिवाद गर्दै वार्ताका लागि छिमेकी भारतलाई पाँच पटकसम्म कुटनीतिक नोट पठायो । तर भारतले कुनै जवाफ दिएन । त्यसपछि तत्कालिन केपी केपी शर्मा ओली नेतृत्वको मन्त्रीपरिषदले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटेर नेपालको नयाँ नक्सा पारित गर्ने निर्णय गऱ्यो । त्यसको २ दिन पछि भुमि व्यवस्था मन्त्री पद्मा अर्यालले ती क्षेत्र समेटिएको नेपालको संशोधित नक्सा २०७७ जेठ ७ गते सार्वजनिक गरिन् । जसलाई नेपालको चुच्चे नक्सा भनेर चिन्ने गरिएको छ । तर यसलाई चाँहि भारतले यसलाई एकलौटी रूपमा प्रकाशित गरेको भन्दै मान्यता दिएको छैन । ०७७ सालमै भारतले लिपुलेक क्षेत्रमा ७९ किलोमिटर लामो सडक उद्घाटन गर्दा नेपालले कडा विरोध जनायो ।

त्यतिबेला नेपालले मात्र कूटनीतिक नोट पठाएन । बरू आफ्नो नयाँ राजनीतिक नक्सा संशोधन गरी लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई आधिकारिक रूपमा नेपालको भूभागका रूपमा समावेश गरेको थियो ।

**स्वार्थ मिल्दा चीन पनि चुप्प**

नेपाली भुमिलाई आफ्नो व्यापारमा अनुकुल रूपमा उपयोग गर्न पाउँदा चीन पनि 'चुप्प' लागेको छ । बरू उसले भारतसँग सहमति गरि सो बाटो उपयोग गरि व्यापार विस्तारको लक्ष्य बनाएको छ ।

२०८२ साल साउनमा चिनियाँ विदेश मन्त्री वाङ यीको भारत भ्रमणका क्रममा लिपुलेक मार्गबाट सीमा व्यापार पुनः सञ्चालन गर्ने सहमति भएको थियो । यस बेलामा पनि नेपालसँग कुनै परामर्श गरिएको थिएन । त्यसपछि नेपालले भारत र चीनलाई अलग-अलग कूटनीतिक नोट पठायो । भारतले जवाफमा यसलाई 'दशकौंदेखि चलिआएको व्यापार' हो भन्दै नेपालको चासोलाई हल्का रूपमा लियो तर चीनले केहि बोलेन । पछिल्लो सरकार सञ्चालनमा आए पछि २०८३ वैशाख २० गतेको नोट पनि थपिएको छ । भारतले जुन-अगस्ट २०२६ का लागि लिपुलेक हुँदै कैलाश मानसरोवर यात्रा सञ्चालन गर्ने घोषणा गरेपछि बालेन शाह नेतृत्वको सरकारले ६ बुँदे कूटनीतिक नोट भारत र चीनलाई पठाएको हो । भारतले भने लिपुलेक मार्ग सन् १९५४ देखि प्रयोग हुँदै आएको पुरानो मार्ग भएको र यो कुनै नयाँ विकासक्रम नभएको दावि गरेको छ ।

२०७३ फागुनमा प्रकाशित नेपाल राजपत्रमा दार्चुला जिल्लाको व्यास गाउँपालिका-१ कालापानी क्षेत्र समावेश गरिएको छ । त्यसो त २०१८ सालकै जनगणनामा पनि नेपाली भुगोलकै रूपमा यहाँको तथ्यांक समेत संकलन भएको थियो । त्यस बेलाका तथ्याङ्क अधिकृत भैरव रिसालले गुन्जी, नाभी, कुटी इलाकाको जनगणना लिन कर्मचारी सहित प्रतिनिधी मण्डलनै परिचालन गरेका थिए । तर पछिल्लो जनगणनाको समयमा भने भारतीय अवरोधका कारण नेपाली टोली पुग्न नसक्दा कालापानी क्षेत्रमा जनगणना समेत हुन सकेन ।

**बालेनको 'त्यो आक्रोश'**

अहिलेका प्रधानमन्त्री बालेन्द्र शाह बालेन काठमाडौको मेयर हुँदा कालापानी लिपुलेकका बारेमा चीन र भारतले लिएको नीति प्रति आक्रोशित हुने गरेका थिए । बालेन २ वर्ष अघि मेयर हुँदा भारतले नयाँ संसद भवनमा नेपाली भूमिसमेत समावेश भएको 'अखण्ड भारत'को मुरल राखेको थियो । संयोगवश मेयर शाह यतिबेला भारत भ्रमणमा थिए । त्यहि बेला बालेनको कार्यकक्षको एउटा तस्विर सार्वजनिक भएको थियो, जहाँ बालेन थिएनन् । उनको टेवलमा नेमप्लेट मात्र थियो अनि भित्तामा थियो ग्रेटर नेपालको नक्सा ।

यस्तै तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको सन्दर्भमा पनि उनले ओलीलाई लिपुलेक नेपालको हो भनेर स्मरण गराउँदै अतिक्रमण रोक्न आग्रह गरेका थिए । फेसबुक स्टाटसमार्फत शाहले प्रधानमन्त्रीलाई शुभकामना दिँदै सझाव दिएका थिए, 'नेपालको लिपुलेक नाकाबाट व्यापार पुनः सञ्चालन गर्ने भारत र चीनको सहमतिले हाम्रो सार्वभौमिकतामाथिको अतिक्रमण गरेको छ । त्यो हाम्रो नै हो भन्ने कुरा चीनलाई सम्झाउन नबिर्सनु होला ।'

२ वर्ष बालेनले चीनले लिपुलेक नेपालको भनि नस्विकारेको भन्दै आफ्नो चीन भ्रमण समेत स्थगीत गरेका थिए । उनले लेखेका थिए, ' हामी नेपालले २०७७ साल जेठ ७ मा लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेटेर नयाँ चुच्चे नक्सा निकालेका थियौ । केही दिन पहिले चीनको प्राकृतिक स्रोत मन्त्रालयले उक्त स्थानलाई हटाएर पहिलेको बुच्चे नक्सालाई कायम गरेर नेपालको नक्सा सार्वजनिक गरेको छ । नेपाली भूभागलाई चीनले नेपाललाई नै नसोधी भारतको देखाउनु हाम्रो संवेदनशीलतामाथि चालेको गलत कदम मानेका छौ । त्यसैले आज मेरो, चीनको निमन्त्रणामा हुदैगरेको ५ दिने भ्रमण नैतिकताको आधारमा नजाने निर्णय गरेको छु ।'

नेपाली भुमि अर्काले मिचेको भन्दै यसरी आक्रोशित हुने उनै मेयर शाह अहिले प्रधानमन्त्री छन् । त्यसैले उनको अगुवाईबाट पनि यो समस्या समाधान हुनु पर्ने र लिपुलेक-कालापानी सधैंका लागि नेपालको कायम हुनु पर्ने जनअपेक्षा छ ।

***झापामा...*** झापाकै बिर्तामोडमा समेत सुकुमबासीहरु आन्दोलित भएका छन्। त्यहाँ सुकुमबासी संयुक्त संघर्ष समितिले ऱ्याली प्रदर्शन गर्दै आफूहरु बस्दै आएको स्थानमै भूमि स्वामित्व दिनुपर्ने माग राखेका छन् । स्थानीय सरकारहरु भने सुकुमबासीको पक्षमा उभिएका छन्। दमक नगरपालिकाका मेयर रामकुमार थापा ले सुकुमबासीको विवरण माग गर्दै प्रहरी र प्रशासनबाट आएको पत्रप्रति आपत्ति जनाएका छन्। उनले स्थानीय सरकार जननिर्वाचित निकाय भएकाले यसरी निर्देशन दिने कार्य स्वीकार्य नहुने बताएका छन्। उनले सुकुमबासी बस्तीमै पुगेर घरबास नउठाउने आश्वासन दिएका छन् । यस्तै, कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राई ले पनि सुकुमबासी बस्तीमा डोजर नचलाइने बताएका छन्। विगतका आयोग प्रभावकारी नहुँदा भूमिहीनहरु अधिकारबाट वञ्चित भएको भन्दै उनले लालपुर्जा वितरणमा ध्यान दिन संघीय सरकारलाई आग्रह गरेका छन् ।

***४६ करार....*** बताए । उनले नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकका अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने भन्ने व्यहोरासहितको निर्देशन आएपछि माध्यमिक शिक्षा स्थानीय तहकै क्षेत्राधिकार भएपनि सो दरबन्दीहरू स्विकृत नभएकाले निजी र अनुदानबाट चलाउने क्रममा गाउँ कार्यपालिकाबाट करार शिक्षकहरूको म्याद थप गर्न नसकिएको जानकारी दिए । यसअघि बाह्रदशी गाउँपालिकाले पनि करार शिक्षक निष्कासित गरेको थियो ।

# श्रम संस्कृति पार्टीबाट नपामा ज्ञापनपत्र

**दमक/** सरकारले सुकुम्बासी बस्तीमा डोजर चलाएको विरुद्ध श्रम संस्कृति पार्टी दमक नगर समितिले स्थानीय सरकारसमक्ष ज्ञापनपत्र बुझाएको छ । देशभर भूमिहीन सुकुम्बासीमाथि डोजर चलिरहेको भन्दै यस्तो कार्य तत्काल रोक्नुपर्ने मागसहित ज्ञापनपत्र पेश गरिएको हो ।

मंगलबार दमक नगरपालिकाका प्रमुख रामकुमार थापालाई श्रम संस्कृति पार्टीका केन्द्रीय सचिव ब्रबिम सेर्माको नेतृत्वमा ज्ञापनपत्र बुझाइएको हो । ज्ञापनपत्रमा सुकुम्बासीहरूलाई विस्थापन नभई व्यवस्थित बसोबासको व्यवस्था गर्नुपर्ने, जनतालाई दुःख दिने होइन सेवा प्रदान गर्नुपर्ने माग गरिएको छ ।



ज्ञापनपत्र बुझाउने कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य चन्द प्रकाश चेम्जोङ, झापा जिल्ला सदस्य द्वय ज्ञानेन्द्र कुरुङभङ, सुरज बिक, इलाम जिल्ला उपाध्यक्ष सुबास राई लगायत दमक नगर समितिका पदाधिकारी, वडाध्यक्षहरू तथा सुकुम्बासीहरूको सहभागिता रहेको थियो ।

# कोशीमा ओभरलोड मालवाहाक साधनमा कडाई

**इटहरी/** कोशी प्रदेशभर क्षमताभन्दा बढी सामान बोकेर सञ्चालन हुने 'ओभरलोड' मालवाहक सवारीसाधनविरूद्ध ट्राफिक प्रहरीले व्यापक तथा दीर्घकालीन अभियान सुरू गरेको छ। सडक सुरक्षामा प्रत्यक्ष जोखिम बढाउने र सडक तथा पुलजस्ता पूर्वाधारमा दीर्घकालीन क्षति पुऱ्याउने यस्ता सवारीसाधनलाई नियन्त्रणमा लिन प्रदेशका सबै जिल्लामा कडाइका साथ निगरानी तथा कारबाही अघि बढाइएको हो। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, इटहरीका अनुसार प्रदेशका १४ वटै जिल्लामा एकसाथ चेकजाँच अभियान सञ्चालन भइरहेको छ। 'ओभरलोड' अवस्थामा भेटिएका सवारीसाधनलाई तत्काल रोकिने, गन्तव्यतर्फ जान नदिने, जरिबाना तिराउने र आवश्यक परे थप कारबाहीका लागि यातायात व्यवस्था कार्यालय पठाउने कार्य निरन्तर भइरहेको छ ।

कोशी प्रदेश ट्राफिक प्रहरीका प्रवक्ता डीएसपी सन्तोष श्रेष्ठका अनुसार यो अभियान अल्पकालीन नभई निरन्तर चलिरहनेछ। 'ओभरलोड' नियन्त्रणका लागि ट्राफिक प्रहरीसँगै सम्बन्धित अन्य निकायहरूको समेत समन्वयमा बहुपक्षीय संयन्त्र सक्रिय रहेको उनले बताए ।

वैशाख महिनाको हालसम्म १ सय १८ वटा मालवाहक सवारीसाधन कारबाहीमा परिसकेको तथ्यांक सार्वजनिक गरिएको छ। तीमध्ये १ सय १ वटा सवारीसाधनलाई ट्राफिक प्रहरीले नै कारबाही गर्दै २ लाख २ हजार रूपैयाँ राजस्व संकलन गरेको छ। बाँकी १७ वटा सवारीसाधनलाई थप कारबाहीका लागि यातायात व्यवस्था कार्यालय पठाइएको थियो, जहाँबाट ७८ हजार रूपैयाँ राजस्व संकलन गरिएको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०४बस्ने निशान गौतम को नाममा दर्ता कायम रहेको मधुमल्ला५/छ को कि.नं. ४८१०ज.वि. ०-१-८-१मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्व तर्फ सँधियार गिता घिमिरे पश्चिम तर्फ पुजा खतिवडा उतर तर्फ पुष्पालाल दङ्गाल उपस्थित नहुनु भएको हुदा उहाँहरु लाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

आमा डेन्टल केयर प्रा. लि.
दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816
हाम्रा उपलब्ध डाक्टर
१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)
नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलव्ध छ ।

प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२, प्रबन्धकः सुवासचन्द्र भट्टराई, मुद्रणः ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादकः खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउटः सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल